झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मच्छी, प्यूठान
सूचना नं. ठेक्का : ०१/०७५/०७६

**नदी जन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र घाटगद्दी तथा विक्री सम्वन्धी**

**शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७५/०७/२०**

यस झिमरुक गाउँपालिकाको क्षेत्रमा रहेको झिमरुक नदी र गर्तङ्ग खोलाका किनारामा रहेका प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा किटान गरिएको ढुङ्गा,गिट्टी,वालुवाको उत्खनन संकलन,घाट र परिमाण प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद -३ झिमरुक गाउँपालिको नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खन्न, सङ्कलन तथा विक्री सम्वधी निर्णय वमोजिम ढुङ्गा,गिट्टी,वालुवा निकासी पैठारी सम्वन्धी तपशिलको शर्त पालना गर्ने गरी इच्छुक फर्म वा कम्पनीको लागि यो दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

<u>ठेक्काको विवरण</u>

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | शिलवन्दी दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम म्याद | शिलवन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | शिलवन्दी दरभाउ पत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | झिमरुक नदी र गर्तङ्ग खोला | ६,००,०००।- (छ लाख मात्र ।) | १,०००।०० (एक हजार) | २०७५।८।०४ कार्यालय समयभित्र | २०७५।८।०५ दिनको १२:०० बजेभित्र | २०७५।८।०५ दिनको २:०० बजे पछि |

<u>शर्तहरु</u> :

१) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र नागरिकताको प्रमाणपत्र,चालु आ.व.को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, **VAT** दर्ता प्रमाण पत्र, आ.व. २०७४/७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लिखित समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२) शिलवन्दी दरभाउ पत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नाममा माथि उल्लिखित समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समयभित्र पर्न आएका शिलवन्दी दरभाउ पत्रहरु दर्ता गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि शिलवन्दी दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

३) शिलवन्दी दरभाउ पत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम झिमरुक गाउँपालिकाको कार्यालयको नाममा रहेको ने.बै.लि. प्यूठान स्थित धरौटी खाता नं. ग-३, ०५२०३००००००००३००००२५मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० ( एक सय वीस ) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

४) वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाई वा पेन्सिलले लेखेकोलाई मान्य दिइने छैन ।

५) शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७(सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ ।मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको शिलवन्दी दरभाउ पत्रलाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

६) ठेक्काको स्वीकृत रकम र भ्याट वापतको रकम प्रथम किस्तामा ६० प्रतिशत र दोस्रो किस्तामा ४० प्रतिशत वुझाउनु पर्ने छ ।

७) किस्ता रकम ठेक्का सम्झौतामा उल्लेखित म्यादभित्र वुझाउनु पर्नेछ । म्यादभित्र नवुझाएमा झिमरुक गाउँपालिकाको कार्यालयलाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन वाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ । किस्ता रकम वुझाउन म्याद नाघेको १५ दिनसम्ममा पनि रकम नवुझाएमा अन्तिम चेतावनी स्वरुप पुनः १५ दिनको म्याद दिई जरिवाना सहित रकम वुझाउन जानकारी गराइने छ । सो म्यादमा पनि वुझाउनु पर्ने रकम ठेकेदारले नवुझाएमा कार्यालयले ठेक्का तोडी वैकल्पिक व्यवस्था गर्न सक्ने छ ।

८) ठेक्का संचालनको सिलसिलामा संघिय सरकार,प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

९) झिमरुक गाउँपालिकाको कार्यालयलाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुको शिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

१०) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ ।

११) ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०७६ आषाढ मसान्तसम्म हुनेछ । तर नदीजन्य सामाग्रीको उत्खनन/संकलन अवधि ठेक्का सम्झौता भएको मितिबाट २०७६ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।

१२) झिमरुक नदी र गर्तङ्ग खोलाबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ ।

१३) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा माथि उल्लेखित नदी तथा खोलाहरुमा मात्र उत्खनन गर्न पाईनेछ । साथै सो उत्खनन सम्बन्धी स्वीकृत **IEE** प्रतिवेदनको विस्तृत विवरण शिलवन्दी दरभाउ पत्रसाथ उपलब्ध गराईनेछ ।

१४) शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१५) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी कर शुल्क र मूल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१६) कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार झिमरुक गाउँपालिकाको कार्यालयलाई रहनेछ ।

१७) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शिलवन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

१८) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१९) जिल्ला अनुगमन तथा समन्वय समिति र झिमरुक गाउँपालिकाले अनुमगन गर्दा कानून तथा मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

२०) **IEE** प्रतिवेदनले तोकेको स्थानबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्न पाईनेछ । यसरी उत्खनन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन । यस सूचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।

२१) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालय ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश नं.५ नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ तथा झिमरुक गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

२२) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा झिमरुक गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत